# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## तेह्रौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण
## (माइन्यूट)

**१.वैधानिक सभा**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको तेह्रौ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा.शंकर प्रसाद शर्माज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको तेह्रौं वार्षिक साधारण सभाको सूचना मिति २०७६/०५/२० मा कान्तिपुर टेलिभिजन र कान्तिपुर एफ.एम. बाट जानकारी गराईएको थियो । सोही दिन बैंकको वेवसाईट www.ctznbank.com मा समेत प्रकाशित गरिएको थियो । साथै सभाको सूचना मिति २०७६/०५/२१ गते शनिवारका दिन नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०७६/०५/२३ गते सोमवारका दिन कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना सहित संक्षिप्त वार्षिक आर्थिक विवरण समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**सभा हुने मिति, स्थान र समय**

**मिति** :- २०७६ साल आश्विन, १० गते (तदनानुसार सेप्टेम्वर २७, २०१९), शुक्रबार
**स्थान**:- अमृतभोग, कालिकास्थान, काठमाण्डौं ।
**समय** :- विहान: ९:०० बजे

**३. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०७५/७६ को संचालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७६ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७५/०४/०१ देखि २०७६/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार १२ प्रतिशतका दरले हुन आउने रु.१,००,४५,२७,७७३/- बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७६/७७ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. बैंकको नियमावली अनुसार समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३(तीन) र समूह 'ख' का सर्वसाधारण तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ३ प्रतिशतका दरले हुन आउने रु. २५,११,३१,९४३/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ति (एक्विजिसन) गर्ने तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्ने तथा गाभ्ने वा गाभिने वा प्राप्तिं गर्ने सम्बन्धी प्रारम्भिक तंथा अन्तिम सम्झौता गर्ने र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. (क) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।

(क-१)बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

(ख)बैंकको नियमावलीमा संशोधन तथा थप गर्ने ।

(ख-१)नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संचालकको बैठक भत्ता तथा सुविधा थप गर्ने गरी नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

४. उपस्थिति

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु:

| क.सं. | नाम,थर | पद |
|---|---|---|
| १. | डा. शंकर प्रसाद शर्मा | अध्यक्ष |
| २. | श्री बालकृष्ण प्रसाई | सञ्चालक |
| ३. | श्री पवित्र कुमार कार्की | सञ्चालक |
| ४. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ५. | श्री विजय ध्वज कार्की | सञ्चालक |
| ६. | श्री अवनिन्द्र कुमार श्रेष्ठ | सञ्चालक |

क्षमाप्रार्थी

| | | |
|---|---|---|
| १. | डा. चन्दा कार्की | सञ्चालक |

४.२ उपस्थित पर्यवेक्षक प्रतिनिधी :

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री मदन मल्लिक | प्रतिनिधी, कम्पनी रजिष्ट्रारको कार्यालय |



CITIZENS BANK INTERNATIONAL LTD. Corporate Office

४.३ उपस्थित अन्य पदाधिकारी :

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री गणेश राज पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री वोध राज देवकोटा | कम्पनी सचिव/नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री रामधन श्रेष्ठ | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री सुमित बाबु खत्री | प्रमुख कर्जा अधिकृत |
| ५. | श्रीमती उमंग शर्मा | प्रमुख प्रशासकिय अधिकृत |
| ६. | श्री राजेन्द्र लाल श्रेष्ठ | प्रमुख जोखिम अधिकृत |
| ७. | श्री पारस कुमार काफ्ले | प्रमुख सञ्चालन अधिकृत |
| ८. | श्री संजीव कुमार श्रेष्ठ | प्रमुख सूचना प्रविधि अधिकृत |
| ९. | श्री प्रमेश राज कायस्थ | प्रमुख वित्त अधिकृत |

४.४ शेयरधनीहरुको उपस्थिति :

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम उपस्थित हुने शेयरधनीको संख्या : | २,३०२ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | १६५ |
| | जम्मा | २,४६७ |

५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | १,३०,९७५ | २,४६७ | ५३.५२ प्रतिशत |
| सस्थापक समूह “क” | ४०३ | १५२ | ४२.६४ प्रतिशत |
| सर्वसाधारण समूह “ख” | १,३०,५७२ | २,३१५ | १०.८८ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता | ८०,७९६,१९० | | १००.०० प्रतिशत |

६. सभाको वैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको तेह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वयम उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या २,३०२ जना र प्रोक्सी मार्फत १६५ जना गरि कुल शेयरको **५३.५२** प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात काठमाण्डौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष डा.शंकर प्रसाद शर्माज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष डा.शंकर प्रसाद शर्माज्यूको सभापतित्वमा बैंकको तेह्रौ वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।



Corporate Office

६.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

**७. वार्षिक साधारण सभाको प्रस्तुती :**

७.१. सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

७.२. तत्पश्चात् सभापतिज्यूले बैंक र सहायक कम्पनीहरु समेतको लेखापरीक्षकको प्रतिवेदनसहित २०७६ आषाढ मसान्तको वासलात, आ.व. २०७५/०७६ को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण लगायतका एकीकृत (Consolidated) वित्तीय विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**८. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :**

८.१ बैंकको संचालक समितिको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन, २०७६ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७५/७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम:

१. श्री भक्ति प्रसाद उप्रेती
२. श्री वैजुनाथ रौनियार
३. श्री रोज कुमार श्रेष्ठ
४. श्री शिव प्रसाद पौडेल
५. श्री इन्द्र कृष्ण श्रेष्ठ
६. श्री दामोदर प्रसाद रेग्मी
७. श्री नरसिङ्ग लाल चंखु
८. श्री गुणराज भट्ट
९. श्री उत्तम पाठक
१०. श्री चन्द्र नारायण श्रेष्ठ
११. श्री अमृतनाथ रेग्मी
१२. श्री महेन्द्र बहादुर श्रेष्ठ
१३. श्री व्यास कुमार शर्मा
१४. श्री शिव प्रसाद शर्मा
१५. श्री अशोक प्रसाद उप्रेती
१६. श्री कृष्ण प्रसाद अधिकारी (कश्यप)
१७. श्री डमरु बल्लभ घिमिरे
१८. श्री उद्धव प्रसाद घिमिरे

८.३ छलफलमा सहभागी भई लिखित सुभाव राख्नु हुने शेयरधनी महानुभावको नाम

१. श्री दिवाकर खड्का
२. श्री राधा कृष्ण गिरी

९. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका जिज्ञासा, सुझाव एवं सराहना सहितको मन्तव्य

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई दशै अगाडि सबै भन्दा पहिला वार्षिक साधारण सभा गर्ने दुई बैंक मध्ये एक बैंक हुन सफल भएकोमा धन्यवाद दिनुभयो । समग्रमा बैंकको सञ्चालक समिति तथा व्यवस्थापनमा अत्यन्त सम्मानित ब्यक्तिहरुको प्रतिनिधित्व रहेको अवस्थामा शेयरधनी तथा सबै सरोकारवालाहरुको उच्च विश्वास र भरोसा रहेको अवस्थामा बैंकबाट प्रस्ताव गरिएको लाभांशको प्रतिशत वृद्दी गरी आगामी वर्षमा शेयरधनीहरुलाई अधिकतम लाभांश उपलब्ध गराउनु पर्ने विचार व्यक्त गर्नुभयो । हाल लाभांश घोषणा गर्दा नगद र बोनश शेयरको अनुपात नमिलेकोले आगामी साधारण सभामा नगद र बोनश शेयरको अनुपात मिलाउनको लागि सुझाव प्रस्तुत गर्नुभयो । शेयरधनीहरुलाई लाभाशं वितरण गर्ने क्रममा बैंकको संचालक समितिद्धारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएको कार्यहरुको मूल्याङ्कन गरि राम्रा कामको सराहना तथा देखिएका कमी कमजोरीहरु औल्याउदै आगामी दिनहरुमा सुधार गर्दै लैजानु पर्ने कुरामा जोड दिनु भयो । बैंकिङ व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरि वित्तीय व्यवसायलाई अझ अगाडी बढाउदै लैजानु पर्ने कुरामा शेयरधनी महानुभावहरुले जोड दिनुभयो ।

१०. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा लिखित सुझावलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१. श्री भक्ति प्रसाद उप्रेती

श्री उप्रेतीले आफ्नो सम्बोधनको क्रममा नजिकै आएको बिजया दशमी, दिपावली, नेपाल संवत ११४० तथा छठ पर्वको शुभकामना व्यक्त गर्दै बैंकले वार्षिक साधारण सभा निर्धारण गरेकै समय ९:०० बजे नै शुरु गरि राम्रो तथा अनुशासित संस्कार प्रस्तुत गर्न सफल भएको भन्दै बैंकको प्रशंसा गर्नु भयो । यस वर्ष बैंकले १२% नगद लाभांश तथा ३% बोनस शेयर दिने प्रस्ताव गरेकोमा संचालक समिति, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारी वर्गलाई धन्यवाद ज्ञापन गर्नुभयो । यस वर्ष साधारण सभा अगाडी बोलाउने दुई बैंक मध्ये हाम्रो बैंक पनि भएको तथा आगामी दिनमा पनि पहिलो नै होस भन्ने शुभेच्छा दिनुभयो । १३ औं वार्षिक प्रतिवेदनको समीक्षा गर्दै NPL १.५०% बाट १.१९% मा झरेकाले सम्पत्तिको गुणस्तर बढेको बताउनुभयो । बैंकको दुई सहायक कम्पनीहरु पनि नाफामा रहेको उद्दृत गर्दै खुसी ब्यक्त गर्नुभयो । यस वर्ष Off Balancesheet Items बाट ५७ करोड आम्दानी गरेता पनि अरु बैंकसँग तुलना गर्दा खर्चको मात्रा बढी भएको बताउनुभयो । Loan Loss Provision लाई Add Back गर्न सकेको तथा कुनै पनि कर्जा अपलेखन गर्नु नपरेकोले सम्पत्तिको गुणस्तर वृद्धि भएकोमा खुसी ब्यक्त गर्दै सम्पूर्ण कर्मचारी ब्यवस्थापन, संचालक समितिलाई धन्यवाद दिनुभयो । नायव प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख कार्यकारी अधिकृतको पदोन्नतिका लागि बधाई तथा शुभकामना ब्यक्त गर्दै उहाँहरुको ब्यवस्थापकीय कौशल तथा बैंकिङ्ग अनुभवले यस बैंकलाई नयाँ उचाईमा पुर्‍याई आगामि वर्षमा विभिन्न Indicators का हिसावले १५ औं स्थानको हाराहारीमा पुर्‍याई २०% लाभांशको अपेक्षा गर्नुभयो । उहाँले अरु बैंकको तुलनामा हाम्रो निक्षेप कम भएकोले Net Interest Income पनि कम भएको देखिएकोले यस वर्ष आम्दानीको हिसाबले अन्तिम ४ औं स्थानमा रहेकोले सुझाव अनुरुप आगामि वर्षमा तत्काल अल्पकालिन र मध्यकालिन रणनीति बनाई निक्षेपलाई एक खर्व पुर्‍याउन सकेमा राम्रो हुने बताउनु भयो । यस बैंकको Spread Rates नेपाल राष्ट्र बैंकले तोकेको भन्दा कम रहेको, निक्षेपमा बढी ब्याज दिने र कर्जामा कम ब्याज लिने गरेकोले समाजसेवी पो भैयो कि ? भन्ने विचार ब्यक्त गर्नुभयो । बैंकको उन्नतिका लागि एउटा Expert Team बनाई Research & Development Unit खडा गर्न सुझाव

दिनुभयो । Unclaimed Dividend को रकम धेरै भएको हुनाले पाँच वर्ष भित्रमा शेयरधनीले लिन नआएमा सरकारी कोषमा जाने भएकाले बैंकले नै त्यस्ता शेयरधनीलाई खबर तथा Follow Up गर्दा बैंकको विज्ञापन समेत हुने कुरा उल्लेख गर्नुभयो । वार्षिक प्रतिवेदन अंग्रेजी भाषामा भएकाले यसलाई नेपाली भाषामा पनि अनुवाद गरेमा शेयरधनीहरुलाई बुझ्न सजिलो हुने कुरा व्यक्त गर्नुभयो । संचालकको बैंठक भत्ता बढाएकोमा खेद प्रकट गर्नुभयो । नक्कली सुन चाँदी धितो राखी कर्जा प्रवाह गर्दा कर्जा अपलेखन हुने भएकोले आगामी दिनमा सुनकर्जा दिदा विशेष ध्यान पुऱ्याउन सुझाव दिनुभयो । गैर बैकिङ्ग सम्पत्तिको विवरण वार्षिक प्रतिवेदनमा फेला नपरेको हुँदा छुटेको हो की भन्ने लागेकोले आगामी वर्षदेखि नछुटोस् भन्ने सुझाव दिनुभयो ।

२. <u>श्री वैजुनाथ रौनियार</u>

श्री रौनियारले सम्बोधनको क्रममा सर्वप्रथम विजया दशमी, दिपावली, नेपाल संवत र छठ पर्वको शुभकामना व्यक्त गर्दै वार्षिक साधारण सभा विजया दशमी अगाडि नै गरेकोमा धन्यवाद ज्ञापन गर्नु भयो । उहाँले १२% नगद लाभांश तथा ३% बोनस शेयर दिने प्रस्ताव गरेकोमा खुशी व्यक्त गर्नु भएता पनि नगद लाभांश र बोनश शेयरको वितरणलाई क्रमश: ५% र १०% हुने गरी वितरण गर्न सकेको भए अझै राम्रो हुने र आगामि बर्ष Ratio मिलाएर वितरण गर्न अध्यक्षज्यूलाई सुझाव दिनुभयो । उहाँले आ.व. २०७५/०७६ मा बैंकले १८.५७% ले खुद मुनाफा बृद्धि गरेकोमा र CBIL Capital ले पनि खुद मुनाफा वापत रु. ३ करोड भन्दा माथि बृद्धि गर्नुका साथै अर्को सहायक कम्पनी CBIL सेक्यूरिटिज लिमिटेडले पनि खुद मुनाफा बापत रु. २३ हजार आम्दानी गरेकोमा खुशी व्यक्त गर्नुभयो । साथै CBIL Securities लाई Stock Exchange बाट स्वीकृति लिन अनुरोध गर्नु भयो । उहाँले शाखा विस्तारको क्रममा नाफामुलक शाखा विस्तारका लागि ध्यान पुर्‍याउन विशेष अनुरोध गर्नुभयो । यस बर्ष महिला कर्मचारी ४३.५७% भएकोमा आगामी बर्ष संख्या बृद्धि गरेर ५०% सम्म पुर्‍याउँदा अझै राम्रो हुने विचार व्यक्त गर्नु भयो । उहाँले आफ्नो मन्तव्यको क्रममा CSR को व्यवस्था राम्रो रहेको उल्लेख गर्दै पर्सा जिल्ला तथा प्रदेश नं. २ मा पनि CSR अन्तर्गत खर्च गर्न विशेष अनुरोध गर्नु भयो । उहाँले बैंक ठूला करदातामा परेकोमा खुसी व्यक्त गर्दै NPL पनि अझै घटाउन अनुरोध गर्नुभयो । तालिम खर्चमा ०.०६% बढि भएतापनि हाम्रा कर्मचारीले सो तालिमबाट राम्रै फाईदा लिएका होलान भन्ने विचार ब्यक्त गर्नुभयो । Tax Pending को अवस्था अहिले के कस्तो छ र यसको सुधारको बारेमा आगामी वार्षिक साधारण सभामा खुलाउन अनुरोध गर्नुभयो । उहाँले बैंकबाट धेरै राम्रा कम्पनीहरुमा शेयर लगानी गरेकोमा खुशी व्यक्त गर्दै हाल नोक्सानी भएतापनि भविष्यमा राम्रो हुने कुरा बताउनु भयो । SAFA Best Presented Annual Award, 2017 समारोहमा बैंकले Certificate of Merit को Award पाएकोमा बधाई ज्ञापन गर्दै आगामी बर्षमा पनि Award पाओस भनी शुभकामना व्यक्त गर्नुभयो । अन्तमा, उहाँले EPS गत बर्ष भन्दा यस बर्ष राम्रो भएको उदृत गर्दै ATM मा सुरक्षा गार्ड राख्ने सम्बन्धमा के कस्तो भै रहेको छ, भनी जिज्ञासा व्यक्त गर्नु भयो ।

३. <u>श्री रोज कुमार श्रेष्ठ</u>

श्री श्रेष्ठले सम्बोधनको क्रममा बैंकले गर्नुपर्ने प्रगति राम्रो गरेको उल्लेख गर्दै बजारमा निकै चर्चामा रहेको Big Merger को बारेमा के भईरहेको छ, सो विषयमा जानकारी पाउन अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । नेपाल राष्ट्र बैंकले Bancassuance मा विज्ञापन नगर्नु भनेकोमा बैंकको धारणा प्रष्ट पार्न अनुरोध गर्नुभयो । साथै ऋण पत्रको बारेमा बजारमा माग नभएकोले यस बारेमा सोच्न अनुरोध गर्नुभयो । Base Rate १०.५२% लाई कम गरेर १०% मा सीमित राखी ऋण प्रवाह गर्न तथा Spread Rate नेपाल राष्ट्र बैंकले

तोके बमोजिम ४.४% नै पुऱ्याई सदुपयोग गर्न सुझाव दिनुभयो । उहाँले मन्तब्यको क्रममा अध्यक्षज्यूको वार्षिक प्रतिवेदनमा उल्लेख गरेको भन्दा अलग संक्षिप्त एक पेज सम्मको मन्तब्य भएको भए अझै राम्रो हुने कुरा बताउनुभयो । साथै ATM मा सुरक्षा कर्मचारी राख्दा सुरक्षा खर्च बढ्ने चिन्ता ब्यक्त गर्नुभयो । उहाँले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मोटरको ट्यूबमा बसेर तुईनमा खतरा मोलेर स्कूल जाने ठाँउमा एउटा सानो झोलुङ्गे पूल बनाउन अन्य बैंकहरुसँग मिलेर सहकार्य गरी धार्मिक कार्य गर्न सुझाव दिनुभयो । अन्तमा बैंकले गर्नुपर्ने प्रगति सन्तोषजनक गरेको अभिब्यक्ति दिदै आगामी वर्षमा पनि यसरी नै प्रगति गर्न शुभकामना दिनुभयो ।

४. श्री शिव प्रसाद पौडेल

श्री शिव प्रसाद पौडेलले संबोधनको क्रममा गतवर्ष एनआईसी एसिया बैंकमा घटेको Hacking, हाल कृषि विकास बैंकमा घटेको घटना र एटिएम Hacking जस्तो सम्भावित घटना नघटोस् भन्ने शुभेच्छा प्रकट गर्नुभयो । उहाँले १२ प्रतिशत नगद लाभांश तथा ३ प्रतिशत वोनश शेयर दिने प्रस्ताव गरेकोमा खुशी व्यक्त गर्नु भएता पनि नगद लाभांश र बोनश शेयर बराबरी हुनेगरी बाँढ्दा राम्रो हुने कुरा बताउनुभयो । उक्त कुरालाई प्रष्ट्याउदै उहाँले सर्वसाधरणको प्रतिनिधित्व गर्ने संचालकले सर्वसाधारण शेयरधनीहरुको आवाज बोल्नुपर्ने भन्दै हालको प्रस्तावित लाभांश १२% नगद र ३% बोनश शेयरको वितरण नमिलेको कुरा व्यक्त गर्नुभयो । एनआईसी एसिया बैंक र सिटिजन्स बैंकको वार्षिक साधारण सभा एकैदिन र एउटै समय भएकोले असन्तुष्टि प्रकट गर्दै आगामी वर्षमा यस सम्बन्धमा विचार गर्न अनुरोध गर्नुभयो । संचालक समितिको बैंठक भत्ता वृद्धि अहिलेको सन्दर्भमा बढी भएको तर्फ जोड दिंदै आफ्नो असन्तुष्टि व्यक्त गर्दै यो विषय यस बैंठकमा स्थगित गर्न आग्रह गर्नुभयो । सुनकर्जासँग सम्बन्धित विभिन्न शाखामा घटेका घटनाहरु आगामी दिनमा नदोहोरियोस् भन्ने तर्फ ध्यानाकर्षण गर्नुभयो ।

५. श्री इन्द्र कृष्ण श्रेष्ठ

श्री श्रेष्ठले यस सिटिजन्स बैंक र एनआईसी एसिया बैंकको वार्षिक साधारणसभा एकैदिन र एकै समय परेको हुँदा बैंकले शेयरधनीहरुको उपस्थिति न्युन गराउन खाजेको हो कि ? भन्ने आशंका व्यक्त गर्नुभयो । उहाँले लाभांश वितरण समान रुपमा नभएको तर्फ इङ्गित गर्दै वोनश शेयरको प्रतिशत बढाएको भए राम्रो हुने धारणा व्यक्त गर्नुभयो । उहाँले अवितरित लाभांश बैंकका कर्मचारीको प्रयोग गरेर भए पनि लिन आउने व्यवस्था गर्न अनुरोध गर्नुभयो । उहाँले वार्षिक प्रतिवेदन अग्रेजी भाषामा भएकाले यसलाई नेपाली भाषामा अनुवाद गरेमा शेयरधनीलाई बुझ्न सजिलो हुने कुरा उल्लेख गर्नुभयो । संचालक समितिको भत्ता वृद्धि अहिलेको सन्दर्भमा बढी भएकोतर्फ जोड दिदै आफ्नो असन्तुष्टि व्यक्त गर्दै यो विषय यसै बैंठकबाट सम्बोधन गर्न आग्रह गर्नुभयो । अन्तमा उहाँले संचालक समितिका सदस्यलाई विदेश भ्रमण गर्नुभन्दा स्वदेशमै रहेका सबै शाखा भ्रमण गर्दा बैंकको हित हुने कुरा बताउनुभयो ।

६. श्री दामोदर प्रसाद रेग्मी

श्री रेग्मीले सर्वप्रथम गत वर्षको भन्दा यस वर्ष लाभांशमा ३ गुणा बढी प्रतिफल दिएकोमा खुसी प्रकट गर्दै बैंकलाई धन्यवाद दिनुभयो । साथै निक्षेपमा बढी ब्याज दिएको तथा कर्जामा कम ब्याज रहेको अवस्थामा समेत १५% लाभांश वितरण गर्न सक्नु बैंकको प्रगती भएको प्रस्ट्याउनु भयो । संचालकको बैंठक भत्ताको सन्दर्भमा बैंकलाई चाहिएको नतिजा दिनसके प्रस्तावित बैंठक भत्ता प्रदान गर्न उपयुक्त नै हुने हुँदा उक्त विषयमा यस बैंठकमा नकारात्मक टिप्पणी गर्नुपर्ने कुनै अवस्था नै नरहेको तर्फ जोड दिनुभयो । आगामी

दिनमा बैंकले दिने लाभांश न्युनतम २०% रहनुपर्ने र जसअर्न्तगत १०% बोनश शेयर तथा १०% नगद लाभांश रहने ब्यवस्था गर्न ब्यवस्थापनलाई सुझाव दिनुभयो । उहाँले आफ्नो कम्पनीलाई सबल बनाउने भनेको आफैले नै हो । त्यसको लागि ब्यवस्थापनलाई सवल बनाउदै लैजानुपर्ने र सो कार्यको लागि संचालक समितिले निरन्तर अनुगमन गर्नुपर्ने तर्फ सचेत गराउनु भयो ।

७. श्री नरसिङ्ग लाल चंखु

श्री चंखुले आफ्नो मन्तव्य राख्ने क्रममा विगत भन्दा बैंकको Performance मा प्रगती भएको कुरा व्यक्त गर्नु भयो । हाल प्रस्तावित लाभांशमा नगदको प्रतिशत बढी भएको हुदाँ आगामी दिनमा नगदको प्रतिशत घटाउदै बोनश शेयरको प्रतिशत बढाउन अनुरोध गर्नुभयो । बैंकको व्यवसाय विस्तार गर्नको लागि नयाँ नयाँ योजनाहरुमा जोड दिदै अझ प्रगती उन्मुख हुन आग्रह गर्नुभयो । Forex Management मा विगतको वर्षमा भन्दा Forex Gain केहि कम देखिएको हुँदा उक्त कुरालाई विचार गर्न, NPL Level न्यून बनाउन, सम्पत्तिको गुणस्तरलाई Maintain गर्न तथा ROA र ROI मा सुधार गर्न विशेष सुझाव दिनुभयो । शाखाहरुको अनुशासनमा विशेष ध्यान दिनुपर्ने तर्फ जोड दिनुभयो । हाल देखिएको System Hack को प्रसंग उल्लेख गर्दै यो दशैं बिदामा आफ्नो System Hack हुनसक्ने संभावित खतरालाई मध्यनजर गर्दै System मजबुत बनाउन जोड दिनुभयो । अन्तमा उहाँले बैंकको सफल प्रगतीको कामना गर्दै संघारमा आउदै गरेको विजया दशमी, दिपावली, नेपाल संवत र छठ पर्वको शुभकामना ब्यक्त गनुभयो ।

८. श्री गुणराज भट्ट

श्री भट्टले आफ्नो सम्बोधनको क्रममा सर्वप्रथम नजिकै आउदै गरेको २०७६ सालको बडादशै, तिहार, नेपाल संवत र छठ पर्व लगायत नेपालीहरुले मनाउने सम्पूर्ण चाडपर्वहरुको उपलक्ष्यमा सु-स्वास्थ्य, दीर्घायु तथा आर्थिक उन्नतीको शुभकामना दिनुभयो । उहाँले कार्यकारी प्रमुखमा बढुवा हुनुभएकोमा श्री गणेश राज पोखरेलज्यूलाई मुरी मुरी बधाई दिदै आउँदा दिनहरुमा उत्कृष्ट काम गरेर आफुलाई चिनाउन सुझाब दिनुभयो । गत बर्ष NFRS को असरले गर्दा कम लाभांश वितरण भएको र यो बर्ष १५% लाभाशं दिने प्रतिबद्धता बमोजिम नै लाभांश दिने प्रस्ताव गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले १५% लाभांश वितरणमा १२% नगद र ३% बोनस शेयर बाढ्ने प्रस्ताव भएकोमा बोनस शेयर कम भएको कुरा उद्धृत गर्दै आगामी दिनमा लाभांशको वितरण गर्दा दुई तिहाई बोनस शेयर र बाँकी नगद लाभांश दिई सर्वसाधारण शेयरधनीहरुको हितमा निर्णय गर्न विनम्र अनुरोध गर्नुभयो । साथै Fraction Share लाई नगद लाभांशबाट नगद कटाएर पुर्णकृत गरी १ कित्ता बनाएर हितग्राही खातामा पठाई "बहुजन हिताय बहुजन सुखाय" गराउन अनुरोध गर्नुभयो । आगामी बर्ष २५% प्रतिशत लाभांश दिने गरी मुनाफा वृद्धि गर्नका लागि अनुरोध गर्नुका साथै हाल जलस्रोतको लगानी बेलगामको घोडा जस्तै भएको हुँदा त्यस क्षेत्रमा लगानी कम गर्न सचेत गराउनुभयो । हाल बजारमा बैंकका कर्मचारीहरुको नकारात्मक समाचार आएको हुँदा बरु कर्मचारीको तलब ५०% बढाउने र सोही बमोजिम कर्मचारीलाई खटाउन सके Productivity बढी नाफामा वृद्धि भई शेयरधनीहरुले पनि राम्रो प्रतिफल पाउनुपर्ने विचार व्यक्त गर्नुभयो । कर्मचारीहरुले बैंक छाड्ने प्रवृति बढेको हुनाले दक्ष कर्मचारीले छाडेर जाँदा बैंकलाई राम्रो नहुने हुनाले उनीहरुको लागि आकर्षक सुविधा दिन नडराउन तथा कर्मचारी Retained Policy अझै प्रभावकारी बनाउन सुझाव दिनुभयो । हाल कृषि विकास बैंकमा भएको एटिएम ह्याकलाई उद्धृत गर्दै जति पैसा खर्च भए पनि विश्वमा चलेका उत्कृष्ट IT प्रणालीमा लगानी गरी IT प्रणालीमा सुरक्षाको प्रत्याभुति दिई सर्वसाधारणको विश्वास

जित्न सुझाव दिनुभयो । लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समितिमा भएको भत्ता खर्च बढि लागेकाले समिक्षा गर्न आग्रह गर्नुभयो । उहाँले संचालकहरुको प्रस्तावित भत्ता बढि प्रतिशतले बृद्धि भएकाले दुःख व्यक्त गर्दै यस विषयमा यसै बैठकबाट पुर्नविचारको लागि आग्रह गर्नुभयो ।

९. श्री उत्तम पाठक

श्री पाठकले बार्षिक साधारण सभा दशै अगावै गरेकोमा धन्यवाद व्यक्त गर्दै लाभाशं दशै अगाडी नै खातामा राख्न सुझाव दिनुभयो । यस बैंकको बार्षिक साधारण सभा अर्को बैंकसँग एकै दिन एकै समयमा पर्न गएकोमा दुःख व्यक्त गर्दै फरक समयमा गरेको भए राम्रो हुने विचार व्यक्त गर्नुभयो । उहाँले विभिन्न बैंकको लाभांश वितरणको तथ्यांक प्रस्तुत गर्दै यस बैंकको बोनस शेयरको अनुपात कम भएको हुनाले अन्य बैंकको तुलनामा यस बैंकको बजार मुल्यमा कमि आएको विवरण प्रस्तुत गर्नुका साथै नेपाल राष्ट्र बैंकबाट जारी निर्देशिकाको प्रावधान समेत व्याख्या गरी आगामी दिनमा नगद र बोनश समानुपातिक रुपमा वितरणका लागि विशेष जोड दिनुभयो । हाल बैंकको कर्जामा ब्याजदर बढी भएकोले ब्याजदर कम गर्नको लागि सुझाव दिनुभयो । बैंकको विभिन्न शाखाहरुबाट दस्तखत समेत नमिली अनादर हुनुपर्ने चेकहरु समेत बैंकबाट भुक्तानी गरिएकोले त्यस तर्फ विषेश ध्यान दिनको लागि अनुरोध गर्नुभयो । संचालक समितिको प्रस्तावित बैठक भत्ता वृद्दी अहिलेको सन्दर्भमा त्यति उर्पयुक्त नभएको विभिन्न विवरणहरुबाट प्रस्ट्याउनु भयो । बैंकद्धारा प्रवाहित सुन कर्जामा अनियमितता देखिएको हुँदा उक्त प्रकरण तथा लापरवाहीहरु भविश्यमा दोहोरिन नदिने तथा संस्थागत सुशासनको अवस्थालाई मजबुत बनाउन दिने तर्फ जोड दिनुभयो ।

१०. श्री चन्द्र नारायण श्रेष्ठ

श्री श्रेष्ठले आफ्नो मन्तव्य राख्ने क्रममा बैंकले १२% नगद लाभांश र ३ % बोनस शेयर प्रस्ताव गरेकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्नुभयो । उहाँले Capital Adequecy र बोनस शेयरको सम्बन्धको बारेमा प्रष्ट पार्दै शेयरको मुल्य वृद्धिको लागि नगद लाभांश वितरणको प्रतिशत बढाउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

११. श्री अमृतनाथ रेग्मी

श्री रेग्मीले आफ्नो मन्तव्य राख्ने क्रममा बैंकले दशै अगाडी बार्षिक साधारण सभा गरेकोमा बधाई ज्ञापन गर्दै यस बैंकको वार्षिक साधारण सभा अन्य बैंकसँग एकै दिन र एकै समयमा पर्न गएकोमा दुःख व्यक्त गर्नुभयो । उहाँले बार्षिक प्रतिवेदन अंग्रेजी भाषामा भएकाले नेपाली भाषामा अनुवाद गरेमा राम्रो हुने कुरा बताउनुभयो । उहाँले केंन्द्रिय बैक र Nepal Banker Association (NBA) लाई उद्धृत गर्दै Assets Management Company (AMC) नहुँदा बैंकलाई Non Banking Assets (NBA) लाई कसरी बिक्रि गर्ने भन्ने समस्या रहेको बताउनुभयो । उहाँले शेयरधनीहरु काठमाण्डौमा मात्र नभई पूर्व मेची देखि पश्चिम महाकालीसम्म छरिएर रहेको हुँदा शेयरधनीले नलिएको लाभाँश सम्बन्धित खातामा जाने गरी व्यवस्था मिलाउन र Fraction Share नजिकको एक कित्तामा लैजान अनुरोध गर्नुभयो । उहाँले समकक्षी बैंकहरुको उदाहरण प्रस्तुत गर्दै यस बैंकको Level Change गर्ने बेला आएको कुरा व्यक्त गर्नुभयो । बैंकलाई सवल बनाउनको लागि General Reserve बढी भएमा राम्रो हुने हुँदा सो रिजर्भ बढाउनको लागि अनुरोध गर्नुभयो । Short Term Borrowing ले Long Term Investment गर्नको लागि समस्या हुने हुँदा Debenture उपयुक्त माध्यम हुने भएकोले Hybrid

Debenture ल्याउनको लागि विचार गर्न अनुरोध गर्नुभयो । उहाँले बैंकिङ्ग क्षेत्रमा हाल देखिएको समग्र समस्याको समाधानका लागि Firewall मजबुत बनाउनु पर्ने, Disaster Recovery Management मा ध्यान दिने Data Management/Storage Management लाई पनि विचार गर्दै जानुपर्ने कुरा व्यक्त गर्नुभयो । Research and Development (R & D) र Quality Control मा ध्यान दिन अनुरोध गर्नुभयो ।

१२. श्री महेन्द्र बहादुर श्रेष्ठ

श्री श्रेष्ठले आफ्नो मन्तव्य राख्ने क्रममा दशैं अगाडि वार्षिक साधारण सभा सम्पन्न गर्न सकेकोमा खुशी प्रकट गर्दै वार्षिक साधारण सभाको मिति र समय अन्य बैंकसँग सोही समयमा नपार्नका निम्ति अनुरोध गर्नुभयो । उहाँले लाभांश वितरण गर्दा आधा आधा गरेको भए राम्रो हुने कुरा बताउनु भयो । संस्थागत सुशासनको अवस्था मजबूत बनाउनको लागि बैंकले विशेष ध्यान दिनुपर्ने तर्फ जोड दिनुभयो । Corporate Social Responsibility पूरा गर्दा विचार पुऱ्याई सम्पूर्ण विवरण वार्षिक प्रतिवेदनमा खुलाउन अनुरोध गर्नुभयो । Merger तथा Acquisition मा जाँदा शेयर बजारमा प्रभाव पर्ने हुँदा विशेष सतर्कता अपनाउनु पर्ने भनाई राख्नुभयो । साथै Foreign Bank सँग Tie up गर्दा अझ राम्रो हुने कुरा बताउनु भयो । अन्तमा आगामी बर्ष पनि वार्षिक साधारण सभा दशैं अघि नै गर्न आग्रह गर्दै यस बर्षको नगद लाभांश सम्बन्धित शेयरधनीको खातामा दशैं अघि नै पठाउने व्यवस्था गर्न अनुरोध गर्नु भयो ।

१३. श्री व्यास कुमार शर्मा

श्री शर्माले आफ्नो मन्तव्य राख्ने क्रममा बैंकको Blance Sheet को आकार गत बर्षको तुलनामा उल्लेख्य रुपले बढेकोमा स्वागत योग्य रहेको, कर्जाको वृद्धी र बैंकको उपलब्धी राम्रो भएको भन्दै प्रशंसा गर्नु भयो । बैंकको वित्तीय सुचक (Financial Indicator) हेर्दा सबै पक्ष सकारात्मक भएता पनि थुप्रै चुनौतीहरु देखिएको कुरा बताउनु भयो । लाभांश वितरण गर्ने क्रममा बोनश शेयर र नगद लाभांश बराबर हुने गरी वितरण गर्दा राम्रो हुने कुरा ब्यक्त गर्नु भयो ।

१४. श्री शिव प्रसाद शर्मा

श्री शर्माले आफ्नो मन्तव्य राख्ने क्रममा १२% नगद लाभांश र ३% बोनस शेयर प्रस्ताव गरेकोमा धन्यबाद ज्ञापन गर्दै Fraction शेयरलाई Nearest १ कित्ता शेयरमा लैजान अनुरोध गर्नु भयो । साथै प्रोमोटरलाई नगद दिंदा राम्रो भए पनि सर्वसाधारण शेयरधनीहरुलाई बोनस शेयर नै उपयुक्त हुने हुँदा त्यस तर्फ ध्यान दिन अनुरोध गर्नु भयो । अन्तमा, उहाँले भविष्यको योजनाको बारेमा अगाडि कसरी जाने भन्ने तर्फ जिज्ञासा राख्नु भयो ।

१५. श्री अशोक प्रसाद उप्रेती

श्री उप्रेतीले आफ्नो मन्तव्य राख्ने क्रममा नेपाल राष्ट्र बैंकले Merger र Acquisition सम्बन्धि लिएको नीतिले शेयर धनीहरुलाई घाटा भएको बिचार ब्यक्त गर्नुभयो । अहिले प्रत्येक बर्ष १०%/२०% बोनस दिई राखेको छ तर Merger भएपछि पनि १०% नै बोनस पाउँदा नेपाल राष्ट्र बैंकको नीति अनुरुप शेयर

धनीहरुलाई घाटा भएको कुरा बताउनु भयो । साथै नेपाल राष्ट्र बैंकको नीति साना शेयरधनीहरुका लागि दूरदर्शि नभएको धारणा व्यक्त गर्नुभयो ।

१६. श्री कृष्ण प्रसाद अधिकारी (कश्यप)

श्री कश्यपले आफ्नो मन्तव्य राख्ने क्रममा बार्षिक साधारण सभामा महिला संचालिका अनुपस्थित भएको बारेमा जिज्ञासा राख्दै दशै अगाडी नै वार्षिक साधाराण सभा सम्पन्न गरेकोमा बैंकलाई धन्यवाद दिनुभयो । अर्को बैंकसँग वार्षिक साधारण सभाको मिति तथा समय मिल्न गएकोमा भने असन्तुष्टि प्रकट गर्नुभयो । बैंकले Master Card जारी गर्ने तयारी गरेको राम्रो भएको र Paperless बनाउने प्रविधिको सह्राना गर्नु भयो । शिक्षा र वातावरण संरक्षणमा भएको खर्चको विवरण बार्षिक प्रतिवेदनमा उल्लेख हुँदा राम्रो हुने विचार व्यक्त गर्नु भयो । हाल बैंकमा कायम रहेको महिला कर्मचारीहरुको संख्या राम्रो भएको र यस संख्यालाई ५०% पुऱ्याउन सके अझै राम्रो हुने विचार व्यक्त गर्नु भयो । लेखापरिक्षण समितिको बैंठक धैरैपटक भएको कुरा उल्लेख गर्दै उक्त बैंठक आवश्यक रहे नरहेको जिज्ञासा व्यक्त गर्नुभयो । भत्ता बृद्धिको अनुपात नाफा बृद्धिको अनुपात बमोजिम हुँदा राम्रो हुने कुरा व्यक्त गर्नु भयो । अन्तमा, आउदै गरेको विजया दशमी, दिपावली, नेपाल संवत र छठ पर्वको शुभकामना दिदैं आफ्नो मन्तव्य टुङयाउनु भयो ।

१७. श्री डमरु बल्लभ घिमिरे

श्री घिमिरेले संबोधनको क्रममा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै परम्परालाई निरन्तरता दिदैं यस बर्ष पनि २ महिना १० दिन भित्रै लाभांस घोषणा गरी साधारण सभा सम्पन्न गर्नुभएकोमा खुसी व्यक्त गर्नुभयो । प्रस्तावित लाभांस बोनस लाभांस प्रतिशतमा कमी भएको व्यहोरा उल्लेख गर्दै आगामी बर्षमा समानुपातिक रुपमा दिने प्रतिबद्धता व्यक्त होस भन्ने अनुरोध गर्नु भयो । राम्रो कुरालाई राम्रो भन्न सक्नु पर्ने तर्फ इंगित गर्दै सभामा नकारात्मक टिप्पणी मात्र गर्न नहुने तर्फ जोड दिनु भयो । सभामा पत्रकारलाई आउन निषेध गरेको भन्ने व्यहोरा सुनिन आएको हुँदा सो सम्वन्धमा जवाफको अपेक्षा गर्नु भयो । आगामि बर्ष लाभांस वितरण कमसेकम ५०/५० को अनुपातमा नगद तथा बोनस लाभांस दिने व्यवस्था हुनेगरी आवश्यक रणनीत्ति बनाउन बैंकलाई सुझाब दिनुभयो । उहाँले शेयरधनिहरुलाई शाखाहरुमा Priority दिन अनुरोध गर्नुभयो । अन्तमा, दशैं अगाडि AGM भएकोमा कर्मचारी, व्यवस्थापन र संचालक सबैलाई धन्यवाद व्यक्त गर्दै बैंकको अझ सफलताको कामना गर्नु भयो ।

१८. श्री उद्धव प्रसाद घिमिरे

श्री घिमिरेले Balance Sheet को आकार हेर्दा विगतको तुलनामा बढेको पाईएको तर पनि समग्र बैंकिङ्ग क्षेत्रमा हेर्दा अझै नपुगेको हो कि भन्ने जिज्ञासा ब्यक्त गर्नुभयो । नाम तथा कामले अब्बल रहनुभएका डा. शंकर प्रसाद शर्माको Guidance बैंकले पाएको र अझ पनि आवश्यक रहेको उल्लेख गर्नुभयो । Foreign Exchange Income बढाउन तर्फ जोड दिदै Letter of Credit को Portfolio लाई पनि बढाउनका लागि विशेष ध्यान दिन जोड दिनुभयो । समय सापेक्ष भत्ता बढाउनुपर्ने कुरामा जोड दिदै हाल प्रस्तावित १२% नगद र ३% बोनस शेयरको अनुपातलाई आगामि वर्ष बराबरी अनुपातमा हुनुपर्ने कुरा ब्यक्त गर्नुभयो । Digital Product अर्न्तगत ATM Hack को सन्दर्भमा हाम्रो New Technology System कत्तिको सुरक्षित छ भन्ने बारेमा जिज्ञासा ब्यक्त गर्नुभयो ।

**लिखित सुझाव**

१. श्री राधाकृष्ण गिरी

श्री गिरीले आफ्नो सुझाव लिखित रुपमा पेश गर्दै व्यापारिक अर्थतन्त्र हुँदा पनि उत्तरी नाका सिन्धुपाल्चोक, नुवाकोट, रसुवा र काठमाण्डौं वरीपरीको क्षेत्रमा शाखा नभएको, धादिङ्ग गोरखामा शाखा कार्यालय वा साना कम्पनीको Acquisition गर्दा अझै Growth होला की ? भनी आफ्नो सुझाव दिनुभयो ।

२. श्री दिवाकर खड्का

श्री खड्काले आफ्नो सुझाव लिखित रुपमा पेश गर्दै वाणिज्य बैंक तर्फ सर्वप्रथम साधारणसभा बोलाएकोमा धन्यवाद दिनभयो । रु. ८ अर्वको चुक्ता पुँजीमा पनि १५ % लाभांश स्वागतयोग्य छ । ८१ वटा शाखा र ९५४ जना कर्मचारीहरुबाट कार्यसम्पादन भईरहेको छ । शाखा विस्तार मात्र व्यवशाय विस्तारको आधार होइन भन्ने लाग्छ । Base Rate, १०% भन्दा बढी छ, जसलाई घटाउनु पर्‍यो । Deposit मा ध्यान दिनुपर्ने देखिन्छ । आफ्नो Range को बैंकहरु PRIME र SUNRISE को भन्दा Deposit कम छ । शेयरधनीहरुले बुझ्न बाँकी लाभांश धेरै नै रहेछ । Demat मा Link भएको खातामा पठाउने व्यवस्था होस् । CRS मा खर्च गरे पनि Branding र Advertising मा कम भएको देखियो । NIC ASIA को Aggressive विस्तारमा Branding को भुमिका छ । गत आ.ब. मा बैंकको विरुद्ध ५१ वटा मुद्दा परेको रहेछ, यसलाई घटाउनु पर्दछ । कमलादीमा बन्दै गरेको नयाँ भवनको प्रयोजन प्रष्ट पारी दिनु हुन अनुरोध गर्दछु । यहाँ प्रस्ताव गरिएको संचालक समितिको बैंठक भत्ता बढाउने निर्णयमा पुर्नविचार गर्नु हुन अनुरोध गर्दछु भनि सुझाव दिनुभयो ।

**११. सभाका शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा र प्रश्नहरुको जवाफ :**

बैंकका शेयरधनीहरुबाट वार्षिक प्रतिवेदनका सम्बन्धमा उठाउनु भएको जिज्ञासा तथा प्रश्नहरुको सर्न्दभमा अध्यक्षज्यूको आज्ञानुसार बैंकका प्रमुख कार्यकारी अधिकृत श्री गणेश राज पोखरेलज्यूले सभा समक्ष निम्न अनुसार जानकारी गराउनु भयो ।

श्री गणेश राज पोखरेल- प्रमुख कार्यकारी अधिकृत

श्री पोखरेलज्यूले यस बैंकको तेह्रौं वार्षिक साधारण सभा अत्यन्त सौहार्दपूर्ण उपस्थितिमा सम्पन्न हुन गइरहेको व्यहोरा अवगत गराउनुभयो । सो सन्दर्भमा १८ जना अग्रज शेयरधनी महानुभावज्यूबाट संचालक समितिको वार्षिक प्रतिवेदन उपर मन्तव्य व्यक्त भएको र उक्त कुराहरुलाई मनन गर्दै गएमा अझ मजवुद हुने कुरामा विश्वस्त हुनुभएको कुरा व्यक्त गर्नुभयो । शेयरधनीहरुको विभिन्न विचारहरुलाई Interaction गरेर उहाँहरुको Knowledge लाई Respect गरी उपयोग गर्ने कुरा बताउनुभयो ।

उहाँले बैंकका शेयरधनीहरुबाट वार्षिक प्रतिवेदनका सम्बन्धमा उठाउनु भएका जिज्ञासा तथा प्रश्नहरुको सन्दर्भमा जवाफ दिने क्रममा NBA वार्षिक प्रतिवेदनमा नदेखिएको भन्ने प्रश्नमा NFRS आएपछि शब्दावली मात्र परिवर्तन भई वार्षिक प्रतिवेदनको पेज नं.२८ मा Investment Property भित्र रहेको कुरा अवगत गराउदै गतवर्ष रु. २८ करोड ७५ लाखबाट हाल रु.२२ करोड २५ लाख भै २२.६% ले घटेको व्यहोरा जानकारी गराउनुभयो । त्यसै गरेर AGM को मितिको सन्दर्भमा आश्विन १० गते वार्षिक साधारण सभा गर्ने निर्णय पहिले नै तय गरिएको हुँदा कुनै गलत नियत नभएको कुरा अवगत गराउनुभयो । विभिन्न अप्ठ्याराका वावजुद वार्षिक साधारण सभा तोकिएको समयमा नै सम्पन्न गर्नुपरेकोले अझै सुधार गर्नुपर्ने देखिएको छ जुन शेयरधनीज्यूहरुले उठाउनु भएको छ र आगामी दिनमा सुधार गर्दै लैजाने कुरा व्यक्त गर्नुभयो । उदाहरणको लागि नेपाली भाषामा वार्षिक प्रतिवेदन प्रकाशित गर्ने कुरालाई हृदयदेखि नै स्वीकार्दै सोही अनुरुप व्यवस्था

मिलाउने धारणा राख्नु भयो । त्यसै गरी Merger का सन्दर्भमा नेपाल राष्ट्र बैंकसँग पनि छलफल भईरहेको बताउदै चाडै नै सहयोगी विकास बैंक Acquire गर्ने भन्दै Acquire पछि रु. ५ अर्ब जतिको हाम्रो Business Size बढ्ने कुरा बताउनुभयो । सहयोगी विकास बैंक १४ वटा शाखा संजाल भएको २ नं. प्रदेशमा राम्रो संस्था भएको उद्धृत गर्दै नेपालको ७ वटै प्रदेशमा उपस्थिति जनाई चालु आ.व. भित्र थप १५ वटा नयाँ शाखा खोल्ने योजना रहेको बताउनुभयो । बैंकमा अत्यन्त अनुभवी तथा दक्ष सञ्चालकहरु रहेको बताउँदै सञ्चालक समितिको महिला सञ्चालक अनुपस्थित हुनुभएको सन्दर्भमा उहाँ आजको दिन विरामीको जीवन रक्षाको निम्ति Operation गर्नु पर्ने भएकोले आफ्नो अमुल्य समय Operation Theatre मा दिनुपरेकोले यस सभामा उपस्थित हुन नसकेकोमा SMS मार्फत Apology व्यक्त गर्नु भएको कुरा सभालाई जानकारी गराउनुभयो । उहाँले आफ्नो मन्तव्यको क्रममा सञ्चालक समितिमा वहाल रहेका ४ जना सञ्चालकहरुको पदावधि यसै सभा पश्चात तथा थप १ जना विज्ञ सञ्चालकको कार्यकाल यही असोज ३० गते बाट समाप्त हुने व्यहोरा जानकारी गराउँदै नयाँ ४ जना सञ्चालकको चयन यसै सभाबाट हुने कुरा सभालाई जानकारी गराउनुभयो । गत बर्षको वार्षिक साधारण सभामा कम्तिमा १५% लाभांश वितरण गर्ने विषय जोडदार रुपमा उठेको कुरा स्मरण गर्दै व्यबस्थापन Result Oriented हुनुका साथै सम्पूर्ण शेयरधनी महानुभावहरुको सल्लाह सुझाव तथा अग्रज सञ्चालकज्यूहरुको Guidance अनुसार नै बैंकले यो नतिजा प्राप्त गर्न सकेको ब्यहोरा जानकारी गराउनुभयो ।

नेपाल राष्ट्र बैकबाट Balance Sheet स्वीकृती गराउनु आफैमा चूनौतीपूर्ण रहेको भन्दै बैंकले प्रकाशन गर्ने त्रैमासिक रिर्पोट र नेपाल राष्ट्र बैकबाट स्वीकृत भै प्रकाशित हुने बार्षिक प्रतिवेदनमा केही Deviation हुनसक्ने कारणहरु प्रस्ट्याउदै Quarterly Report Unaudited हुने तर बार्षिक प्रतिवेदन Audited हुनुका साथै Authority बाट स्वीकृति प्राप्त गरी प्रस्तुत हुने हुनाले केही Deviation हुन सक्ने कुरा प्रस्ट्याउनुभयो । सभामा उठाईएको सुन कर्जाको विषयमा उक्त घटना पोखरा शाखामा नभई नेपालगञ्ज शाखामा भएको र उक्त घटनाको जाहेरी स्वयम बैंकको तर्फबाट प्रहरी प्रशासनमा गरेको र यो जनताको पैसा चलाउने संस्था भएको उल्लेख गर्दै १ प्रतिशत पनि हिनामिनाको सम्भावना नरहेको कुरा प्रष्ट पार्नुभयो । साथै यति अग्रज व्यक्तित्वहरु रहनुभएको संस्थामा नाफा कम होला तर सुशासनमा नं. १ हुने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले सयौं वर्ष बाँच्नु पर्ने भनाई राख्नु हुँदै १५/२० वर्ष चम्केर हराउँदै जाने संस्था भन्दा सन्तुलित किसिमको परिणाम दिदै सयौं वर्ष जीवन्त हुँदै इतिहास रच्दै अगाडी बढ्नुपर्ने तर्फ जोड दिदै सुशासनको सम्बन्धमा कुनै पनि संझौता नगरिने प्रतिवद्धता जाहेर गर्नुभयो ।

सुशासनको क्षेत्रमा लामो समय आवद्ध सम्मानित व्यक्तित्वहरु यस सभामा उपस्थित हुनुभएको उद्धृत गर्दै बैंकमा शुरुवाती दिन देखि नै ब्यवस्थापन सो पक्षमा चनाखो रहदै प्रतिवद्ध रहेको कुरा बताउदै संस्थामा संस्थागत सुशासनमा कुनै पनि कमी हुन नदिने कुरा बताउनुभयो । उहाँले बैंकको उन्नती र प्रगतीको सन्दर्भमा राष्ट्रले लिएको नीति अनुरुप नै हामी अगाडी बढिरहेको कुरा प्रस्ट्याउनुभयो । जसको कारणले गर्दा संस्थाको परिणामहरु सकारात्मक भएको र शाखाहरुको विस्तार राम्रो भएको कुरा बताउनुभयो । धेरै आक्रामक रुपले अगाडी बढ्दा कहिलेकाही संस्था लड्खडाउन सक्ने तर्फ सचेत हुनु पर्ने कुरामा जोड दिदै वित्तीय संस्थामा हुने धेरै जोखिमहरु न्युनिकरण गर्दै सन्तुलित हिसाबले अगाडी बढाउँदा सबैको कल्याण हुने कुरा बताउनुभयो । बैंक १,३०,००० भन्दा बढी शेयरधनीहरु भएको संस्था हो भन्दै शेयरधनीहरुले उठाउनु भएको नगद लाभांश बढी र बोनस शेयर कम वितरण भएको कुरालाई सम्बोधन गर्दै शेयरधनी महानुभावले उठाउनु भएको विषय आफूलाई पनि सान्दर्भिक नै लागेको बताउँदै विगत ३ बर्षमा रु. २ अर्ब पूँजीबाट वृद्धी भई हाल रु. ८ अर्ब ३७ करोड भन्दा बढी पूँजी भएको साथै प्रस्तावित ३% बोनस शेयरले पनि असर पर्ने हुनाले पूँजी पर्याप्त हुने तथा शेयरधनीहरुले नगद लाभांश नपाएको लामो समय भएको र अगामि बर्षदेखि Counter Cycle Buffer को कारणले गर्दा नगद लाभांश दिन पाइन्छ कि पाइदैन भन्ने आशंका

रहेकोले नेपाल राष्ट्र बैंकको नीति अनुरुप २५% ऋणपत्र जारी गर्दा हाम्रो बैंकमा मात्र नभई समग्र बैंकिङ्ग क्षेत्रमा नै Cash Dividend मा असर पर्ने कुरालाई समेत मध्यनजर राखी संचालक समितिमा व्यापक छलफल गरी सो अनुरुप लाभांश प्रस्ताव गरिएको बताउनु भयो ।

यसै गरी आदरणीय शेयरधनी महानुभाव्ज्यूहरुले प्रस्तुत गर्नु भएका विचार तथा सुझाव अत्यन्त गहकिला र महत्वपूर्ण भएकाले बैंकको भावी दिनका लागि मार्गदर्शन हुने मेरो ठहर रहेको छ । तसर्थ आदरणीय शेयरधनी महानुभावहरुसँग पुनः विस्तृत रुपमा छलफल गर्न अति जरुरी देखिएकोले सोको लागि आवश्यक व्यवस्था गरिने जानकारी गराउँदै निकट भविष्यमा नै आदरणीय शेयरधनी महानुभावहरुसँग अन्तरक्रिया कार्यक्रम गर्ने वचनवद्धता व्यक्त गर्दै शेयरधनी महानुभावहरुको सक्रिय सहभागिता र अत्यन्त महत्वपूर्ण सुझाव र जिज्ञासाको लागि हृदयदेखि आभार र धन्यवाद प्रकट गर्नुभयो ।

**१२. शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासामा सभाका अध्यक्ष डा.शंकर प्रसाद शर्माज्यूले व्यक्त गर्नु भएको प्रश्नहरुको जवाफ :**

बैंकका प्रमुख कायकारी अधिकृत गणेश राज पोखरेलज्यूले शेयरधनी महानुभावहरुको जिज्ञासाको जफाव दिए पश्चात सभाका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट प्राप्त सम्पूर्ण सुझावहरुलाई गम्भिरतापूर्वक ग्रहण गर्दै आगामी दिनमा अझ राम्रो गरी अगाडि बढ्ने कुरामा जोड दिनुभयो । शेयरधनी महानुभावहरुले राखेका जिज्ञासाको जवाफ दिने क्रममा आजै निर्वाचित भई आउनुभएका नयाँ सञ्चालकज्यूहरुलाई कार्यकालको पूर्ण सफलताको कामना गर्दै बैंकले आगामी दिनमा अझ उन्नती प्रगती गर्ने विश्वास व्यक्त गर्नुभयो । साथै आदरणीय शेयरधनी महानुभावहरु समेतसँग सहकार्य गर्दै हातेमालो गरी अगाडी बढ्ने र शेयरधनीहरुलाई निरुत्साहित हुन नदिने कुरामा प्रतिवद्धता जनाउनु भयो ।

**१३. तेह्रौ साधारण सभाका निर्णयहरु :**

(क) <u>**साधारण प्रस्तावहरु**</u>

**१. आ.व. २०७५/७६ को संचालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।**

सभापतिज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७६ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७५/०४/०१ देखि २०७६/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।**

**बैंक तथा बैंकको सहायक कम्पनीहरु** समेतको लेखापरीक्षकको प्रतिवेदनसहित २०७६ आषाढ मसान्तको वासलात, आ.व. २०७५/०७६ को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण लगायतका एकीकृत (Consolidated) वित्तीय विवरणहरु स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**३. संचालक समितिबाट प्रस्ताव गरे अनुसार १२ प्रतिशतका दरले हुन आउने रु.१,००,४५,२७,७७३/- बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

संचालक समितिबाट सभामा प्रस्ताव गरे बमोजिम **१२ प्रतिशतका दरले हुन आउने रु.१,००,४५,२७,७७३/-** नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७६/७७ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/७७ को हरहिसाबहरू लेखापरीक्षण गर्नको निम्ति लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम लेखापरीक्षक श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस् चार्टड एकाउन्टेन्टस्लाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट, कर अडिट, NRB र NFRS वित्तीय विवरण तयार गरे बापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे बापत मूल्य अभिबृद्धि कर सहित रु.१९,७७,५००।- (अक्षरुपी उन्नाईस लाख सतहत्तर हजार पाँच सय रुपैयाँ मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिले स्वीकृत गरियो ।

**५. बैंकको नियमावली अनुसार समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३( तीन) र समूह 'ख' का सर्वसाधारण तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने ।**

बैंकको नियमावली अनुसार ४ वर्षको कार्यकालको लागि समूह 'क' संस्थापक समुहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३(तीन) को लागि श्री राजन सिंह भण्डारी, श्री प्रवल जङ्ग पाण्डे र श्री सजन शर्मा तथा समूह 'ख' सर्वसाधारण समुहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को लागि श्रीमती सीता कार्की(के.सी.) समेत ४ जना निर्विरोध निर्वाचित हुनु भएकाले उक्त निर्वाचनको परिणामलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(ख). **<u>विशेष प्रस्तावहरु</u>**

**१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार ३ प्रतिशतका दरले हुन आउने रु. २५,११,३१,९४३/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।**

संचालक समितिबाट प्रस्ताव गरे बमोजिम ३ प्रतिशतका दरले हुन आउने रु. २५,११,३१,९४३/- बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**२. सिटिजन्स बैंक-इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्ने तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ती (एक्विजिसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्ने तथा गाभ्ने वा गाभिने वा प्राप्ती गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने

र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. **(क) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।**
बैंकको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**(क-१) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।**

बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्वन्धमा संचालक समितिबाट प्रस्ताव गरे बमोजिम ३ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएकोमा सभाले ३ प्रतिशत बोनश शेयर बापत **रु. २५,११,३१,९४३/-** बितरण गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरेकोले प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको ब्यवस्थाको सट्टा देहाय बमोजिम पूँजी संरचना वृद्धि गरी संशोधन गर्ने निर्णय गरियो ।

**५(ख)** बैंकको कुल जारी पूँजी रु. ८,६२,२१,९६,७१६/- (अक्षरेपि आठ अरब बैसट्ठी करोड एक्काइस लाख छयानब्बे हजार सात सय सोह्र रुपैया मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले ८,६२,२१,९६७.१६ (आठ करोड बैसट्ठी लाख एक्काईस हजार नौ सय सत्सठ्ठी दशमलव सोह्र) थान साधरण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु. ८,६२,२१,९६,७१६/- (अक्षरेपि आठ अरब बैसट्ठी करोड एक्काइस लाख छयानब्बे हजार सात सय सोह्र रुपैयाँ मात्र) हुनेछ ।

**५(ग)** बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. ८,६२,२१,९६,७१६/- (अक्षरुपी आठ अरब बैसट्ठी करोड एक्काइस लाख छयानब्बे हजार सात सय सोह्र रुपैयाँ मात्र) हुनेछ ।

**(ख) बैंकको नियमावलीमा संशोधन तथा थप गर्ने ।**
बैंकको नियमावलीमा देहाय बमोजिम संशोधन तथा थप गर्ने निर्णय गरियो ।

(ख-१) **नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संचालकको बैठक भत्ता तथा सुविधा थप गर्ने गरी नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।**
संचालकको बैठक भत्ता तथा सुविधा थप गर्ने गरी नियमावलीमा संशोधन गर्ने सम्बन्धमा सभामा प्रस्ताव गरिएकोमा सभाले संचालकको बैंठक भत्ता वृद्धी नगरी अन्य भत्ता तथा सुविधा मात्र नियमावलीमा थप गर्ने प्रस्ताव स्वीकृत गरेकोले संचालकहरुको बैठक भत्ता यथावत नै कायम राखी संचालहरुको अन्य भत्ता तथा सुविधा मात्र थप गर्ने गरी नियमावलीमा शंसोधन तथा थप गर्ने निर्णय भएकोले बैंकको नियमावलीको नियम २९(१)(ग) मा भएको ब्यवस्थाको सट्टा देहाय बमोजिमको ब्यवस्था संशोधन र २९(१) (ङ) मा देहाय बमोजिमको ब्यवस्था थप गर्ने निर्णय गरियो ।

२९(१)(ग):बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता तथा अन्य भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :-

अ) दैनिकभत्ता नेपालभित्र रु. २,५००।- प्रतिदिन, भारतमा भारतीय रु. ६,०००।- प्रतिदिन, नेपाल र भारत बाहेकका अन्य सार्क मुलुकमा अमेरिकी डलर १२५।- प्रतिदिन र अन्य मुलुकमा अमेरिकी डलर ३१५।- प्रतिदिन,

इ) होटल खर्च: स्वदेश तथा विदेशमा वास्तविक लागेको बिल बमोजिमको खर्च ।

२९(१)(ङ):अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(अ) संचालक समितिका अध्यक्षलाई आवश्यकता अनुसार कार्यालय प्रयोजनको लागि सवारी साधन उपलब्ध गराईने र अन्य संचालक समितिका सदस्यलाई परिवहन खर्च वापत प्रति महिना रु. ६,०००।- प्रदान गर्ने ।

(आ) संचालक समितिका सम्पूर्ण सदस्यहरुलाई टेलिफोन/मोबाईल खर्च वापत प्रतिमहिना रु. ३,०००।- प्रदान गर्ने ।

(इ) संचालक समितिका सम्पूर्ण सदस्यहरुलाई पत्रपत्रिका बापत मासिक रु. २,०००।- प्रदान गर्ने ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघटलगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**(ग) विविध ।**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१४. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै तेह्रौ वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिनको १.०० बजे विधिवत रुपमा सभा विसर्जन गर्नुभयो ।

---------------
वोधराज देवकोटा
कम्पनी सचिव

---------------
डा. शंकर प्रसाद शर्मा
अध्यक्ष